**गैह्र–आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद**

**डेनमार्कको**

**विधान**

( २०२१ को संशोधन सहित )

**प्रस्तावना**

नेपालको विकासमा टेवा पुर्याउन र विश्वका विभिन्न मुलुकहरुमा बसोवास गरिरहेका गैह्र–आवासीय नेपालीहरुको हितको पक्षपोषण गर्न संगठित रुपले अघि बढ्नका लागि आधारभूत विश्व मानव अधिकारप्रति प्रतिवद्ध एक जिम्मेवार संस्थाको गठन हुनुपर्ने आवश्यकतालाई मनन् गरी; एक स्वतन्त्र गैह्र–नाफामूलक, गैह्र–राजनीतिक र गैह्र–सरकारी संस्था "गैह्र–आवासीय नेपाली संघ डेनमार्क''(NRNA) को स्थापना गरी संचालन भईरहेको सन्दर्भमा यसको उदेश्य र कार्यकमहरुलाई आत्मसात गर्दै, यसैको मातहतमा रहने गरी डेनमार्कमा बसोवास गरिरहेका आम गैह्र–आवासीय नेपालीहरुको हकहितको सुरक्षा र प्रबद्र्धन गर्न "गैह्र–आवासीय नेपाली संघ डेनमार्क'' को सन् २००९ अगष्ट ०२ मा स्थापना भई यसलाई व्यवस्थित रुपमा संचालन गर्न यो विधान बनाई लागु गरिएको छ ।

**परिच्छेद – १.**

**नाम र प्रारम्भ**

१.१. यस संस्थाको नाम ''गैर–आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद डेनमार्क'', यसपछि यस विधानमा 'संघ' भनिनेछ । अंग्रेजीमा यस संघलाई (Non-Resident Nepali Association, National Coordination Council, Denmark ) र छोटकरीमा NRNA-NCC, Denmarkभनिनेछ ।

१.२. यो विधान संघको राष्ट्रिय अधिवेशनबाट पारित भएपछि लागू हुनेछ ।

१.३. यस संघको मूल मन्त्र ''नेपालीको लागि नेपाली'' हुनेछ ।

१.४. संघको आफ्नो छुट्टै छाप, प्रतीक चिन्ह, र शपथको नमूना अनुसुचीमा लेखिए बमोजिम हुनेछ भने संघको लेटरहेड, सदस्यता आवेदन फाराम, परिचय कार्यसमितिले निर्णय गर्नेछ ।

१.५ यस संघको मुख्य कार्यालय कोपेनहगेन डेनमार्कमा रहने छ

**परिच्छेद – २**

**परिभाषा**

२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमाः

२.१.''गैह्र–आवासीय नेपाली'' भन्नाले चालु दुईवर्ष वा सोभन्दा बढि डेनमार्कमा अध्ययन, पेशा व्यवसाय, रोजगारी गरी वा स्थायी रुपमा बस्ने नेपाली नागरिक वा नेपाली मूलको विदेशी नागरिकलाई जनाउनेछ ।

२.२.''अन्तर्राष्ट्रिय समन्वय परिषद'' भन्नाले संघको अन्तर्राष्ट्रिय महाधिवेसनद्वारा निर्वाचित अन्तर्राष्ट्रिय समितिलाई जनाउने छ ।

२.३ .''अन्तर्राष्ट्रिय महाधिवेसन'' भन्नाले संघको अन्तर्राष्ट्रिय कमिटिले प्रत्येक दुई वर्षमा नेपालमा आयोजना गर्ने अन्तर्राष्ट्रिय महाधिवेसनलाई जनाउने छ । ''विश्व सम्मेलन'' भन्नाले संघले प्रत्येक दुई वर्षमा अन्तर्राष्ट्रिय महाधिवेसनसंगै आयोजना गर्ने सम्मेलनलाई जनाउने छ र ''क्षेत्रिय सम्मेलन'' भन्नाले संघको अन्तर्राष्ट्रिय कमिटिले विश्वका विभिन्न क्षेत्रमा प्रत्येक वर्ष आयोजना गर्ने सम्मेलनलाई जनाउने छ ।

२.४.''विशेष राष्ट्रिय महाधिवेशन'' भन्नाले यसै विधानको धारा १३.५ ले व्यवस्था गरे बमोजिमको महाधिवेशनलाई जनाउने छ ।

२.५. ''राष्ट्रिय महाधिवेशन'' भन्नाले राष्ट्रिय समन्वय परिषद्ले प्रत्येक दुई वर्षमा आयोजना गर्ने अधिवेशनलाई जनाउने छ । २.६. क्षेत्रिय समन्वय परिषद (NRNA Denmark - LCC) भन्नाले कोपेनहेगन क्षेत्र भन्दा बाहिर संचालित स्थानीय स्थानीय रुपमा कार्यरत समितिहरुलाई जनाउने छ ।

२.७. ''क्षेत्रिय अधिवेशन'' भन्नाले संघको क्षेत्रिय समन्वय परिषदको अधिवेशनलाई जनाउने छ ।

२.८. ''सचिवालय'' भन्नाले अध्यक्ष, महासचिब सहित आवश्यकता अनुसार कार्यसमितिका पदाधिकारी वा सदस्य मध्यबाट रहने गरि चुस्त कार्यसम्पादनको लागि कार्यसमितिले गठन गरेको समितिलाई जनाउनेछ ।

**परिच्छेद – ३.**

**उद्देश्यहरु**

३.संघको मुख्य उद्देश्यहरुः

डेनमार्कमा बसोबास गर्ने गैर–आवासीय नेपालीहरुलाई एकताबद्ध गर्ने, नेपालभित्र र बाहिरको संघसंस्थाहरुसंग समन्वय गर्ने र उनीहरुको उद्देश्यलाई प्रबर्धन गरी नेपालको हितमा योगदान पुर्याउन परिचालन गर्ने संघको मुख्य उद्देश्य रहने छ । यी उद्देश्य प्राप्त गर्नका लागि संघले देहाय बमोजिमका कार्यहरु गर्नेछ ।

३.१. डेनमार्कमा बस्ने नेपालीहरुको हितलाई संरक्षण गर्ने एवम् नेपालको प्रबर्धन गर्ने ।

३.२. डेनमार्कमा स्थापित भई सञ्चालनमा रहेका नेपाली संघसंस्थाहरुसंग समन्वय कायम गर्दै यसलाई नेपालीहरुको साझा र प्रतिनिधिमूलक संस्थाको रुपमा विकास गर्ने ।

३.३. गैर–आवासीय नेपालीको पूंजी र मानव संसाधनलाई नेपालको चौतर्फी विकासमा लगानी गर्न नेपाल सरकार र नेपाली उद्यमीहरुसंग साझेदारी स्थापना गर्ने र त्यसको विकास गर्ने ।

३.४. डेनमार्कमा नेपाली संस्कृति र पर्यटनको प्रबर्धन गर्ने ।

३.५. नेपालमा विदेशी र गैर–आवासीय नेपालीको पुंजी लगानी बढाउन प्रत्यक्ष वा अप्रत्यक्ष प्रयत्न गर्ने ।

**परिच्छेद – ४**

**सदस्यता सम्बन्धि ब्यवस्था**

४. सदस्यताको प्रकारः गैर–आवासीय नेपालीको हैसियत कायम रहेसम्म संघको सदस्यता कायम रहने गरी सदस्यहरुलाई विधानको अनुसूची ५ बमोजिम सदस्यता परिचय–पत्र प्रदान गरिने छ । संघको सदस्यता देहाय बमोजिम चार प्रकारका हुने छन् ।

४. १. साधारण सदस्यः चालु दुई वर्ष वा सो भन्दा बढि डेनमार्कमा अध्ययन, पेशा, व्यवसाय वा रोजगारी गरी बसेका र स्थायी रुपमा बसोवास गरेका नेपाली नागरिक वा नेपाली मूलको विदेशी नागरिक संघको साधारण सदस्य हुनेछ ।

४.२ पंजिकृत सदस्य ः संघले तोके बमोजिमको आबेदन फारम भरी, तोकिएको शुल्क बुझाई, आबेदन गर्ने धारा ४. १ अनुसारका साधारण सदस्यहरुलाई संघले पंजिकृत सदस्यता प्रदान गर्ने छ

४.३ सम्बद्ध सदस्यःनेपाललाई सहयोग र प्रबर्धन गर्न चाहने गैर नेपाली मूलको व्यक्ति वा संस्था संघको सम्वद्ध सदस्य हुनेछ । यो सदस्यता राष्ट्रिय समन्वय परिषदको सिफारिशमा अन्तर्राष्ट्रिय समन्वय परिषदले प्रदान गर्नेछ । तर राष्ट्रिय समन्वय परिषद गठन पूर्व अन्तर्राष्ट्रिय समन्वय परिषदले प्रदान गरेको सदस्यताहरुको हकमा भने यो नियम लागु हुनेछैन ।

४.४ मानार्थ सदस्यः गैर–आवासीय नेपालीको हकहित संरक्षणमा उल्लेखनीय योगदान पुर्याएका व्यक्तिहरुलाई अन्तर्राष्ट्रिय समन्वय परिषदले मानार्थ सदस्य प्रदान गर्नेछ ।

**५. सदस्यताको लागि योग्यता**

देहायको योग्यता पुगेका व्यक्तिहरु संघको साधारण÷ पंजिकृत सदस्य हुने छन् । चालु दुई वर्ष वा सो भन्दा बढि डेनमार्कमा अध्ययन, पेशा, व्यवसाय वा रोजगारी गरी बसोवास गर्ने कम्तिमा १८ वर्ष उमेर पुगेका नेपाली नागरिक वा नेपालीमूलको विदेशी नागरिक संघको साधारण सदस्य हुन सक्ने छन् ।

६. **सदस्यहरुको अधिकार र कर्तब्य एवं सदस्यताको समाप्ति**

६.१. प्रत्येक सदस्यहरुको अधिकार र उत्तरदायित्व व्यक्तिगत हुनेछ र अन्य व्यक्तिमा हस्तान्तरणयोग्य हुने छैन ।

६.२. यस विधान र संघको अन्य निर्णयहरुको पालना गर्नु र संघको उद्देश्यहरु प्राप्तिका लागि आफ्नो अधिकतम सामर्थ्यको प्रयोग गर्नु हरेक सदस्यहरुको उत्तरदायित्व हुनेछ ।

६.३. पंजिकृत सदस्यहरुलाई नियमको अधिनमा रही संघको राष्ट्रिय अधिवेशनमा वा सम्मेलनमा भाग लिन, चुन्न र चुनिन पाउने तथा विश्व सम्मेलनमा भाग लिन, प्रतिनिधि चुनिनका लागि र उम्मेदवार बन्न पाउने हक हुनेछ । तर यस विधान लागू हुनु भन्दा अगावै डेनमार्कमा बनेका साधारण सदस्यहरुको मान्यता यस विधान बमोजिमको पंजिकृत सदस्य सरह रहनेछ ।

६.४. मानार्थ तथा सम्बद्ध सदस्यहरुलाई राष्ट्रिय अधिवेशन, विश्व सम्मेलन र अन्तर्राष्ट्रिय सम्मेलनहरुमा भाग लिने हक हुनेछ । तर उनीहरुलाई संघको कुनै पनि पदको निर्वाचनको लागि उम्मेदवार खडा हुन एवंम् निर्वाचनमा मतदान गर्ने हक हुने छैन ।

६.५. देहायको अवस्थामा गैर–आवासीय नेपाली संघको सदस्यता समाप्त हुनेछ ।

६.५.१. कानून बमोजिम गैर–आवासीय नेपालीको हैसियत समाप्त भएमा,

६.५.२. सदस्यको मृत्यु भएमा,

६.५.३. पंजिकृत सदस्यले राष्ट्रिय समन्वय परिषदलाई एक महिनाको लिखित सूचना सहित संघको सदस्यता परित्यागको निवेदन गर्न सक्नेछ । निवेदन स्वीकृत भएको मितिबाट नीजको सदस्यता अन्त्य हुनेछ ।

७. **सदस्यता शुल्कः**

७.१. प्रत्येक पंजीकृत सदस्यले संघको सदस्यता शूल्क नियमित रुपमा बुझाउनु पर्नेछ । यस्तो शूल्क कार्यसमितिको बैठकले निर्णय गरे बमोजिम हुनेछ ।

७.२. आउंदो आर्थिक वर्षको सदस्यता नविकरण कार्यसमितिको बैठकले निर्णय गरे बमोजिमको मितिभित्र गराई सक्नु पर्ने छ ।

८. **सदस्यता दर्ता किताबः**

संघको सदस्यहरुको नाम, वतन, सदस्यता प्राप्त गरेको मिति, रकम बूझाएको फांटवारी आदि आवश्यकीय विवरण खुलाई दर्ता किताव राख्नु पर्नेछ ।

**परिच्छेद – ५**

**संघको गठन विधी, काम, कर्तव्य र अधिकार**

९. राष्ट्रिय समन्वय परिषदको गठन

९.१. डेनमार्कमा स्थाई बसोबास गर्ने आम गैर–आवासीय नेपालीहरु मिलेर एक सामुहिक नेतृत्वदायी संगठन ''गैर–आवासीय नेपाली सघ, डेनमार्क'' राष्ट्रिय समन्वय परिषदको गठन गर्न सक्नेछन् । यसरी गठन गरिने राष्ट्रिय समन्वय परिषदमा देहाय बमोजिमका पदाधिकारी समेत रहेको १३ सदस्यीय  कार्यसमिति महाधिवेशनबाट निर्वाचित हुनेछ ।

अध्यक्ष १

उपाध्यक्ष २

महिला उपाध्यक्ष १

महासचिब १

सचिब १

कोषाध्यक्ष १

सहकोषाध्यक्ष (महिला) १

महिला प्रतिनिधि १

युवा प्रतिनिधि १ ( चालिस वर्ष उमेर नकटेको )

सदस्यहरु निर्वाचित ७ (कम्तिमा २ जना महिला सहित) ,

मनोनित सदस्यहरु २ महिला

पदेन सदस्य : क्षेत्रीय समन्वय परिषदका अध्यक्ष राष्ट्रिय समन्वय परिषदका कार्यसमितिको मताधिकार विहिन पदेन सदस्य रहनेछन ।

९.२. राष्ट्रिय समन्वय परिषदका कार्यसमितिको पदावधि २ वर्षको हुनेछ ।

९.३. यस संस्थाको अध्यक्ष पदमा २ पटक भन्दा बढी एउटै ब्यक्ती लगातर उमेदवार हुन पाउने छैन

९.४.क. अध्यक्षले कार्यसमिति सदस्यहरु मध्यबाट १ जनालाई संघको प्रवक्ता तोक्न सक्नेछ । सो का अनुमोदन कार्यसमितिले गर्न सक्नेछ ।

९.४ ख. अध्यक्षको प्रस्ताव निर्वाचित कार्यसमितिले महिला २ जनालाई कार्यसमिति सदस्यमा मनोनयन गर्ने छ ।

९.५ अध्यक्षले माथिल्लो निकायको प्रतिनिधि तथा अन्यले अध्यक्षबाट सपथग्रहण गर्नु पर्नेछ, सपथ ग्रहण लिनु अगाडी निर्वाचित वा मनोनित दुवै पदाधिकारी तथा सदस्यहरुले सामाजिक कोषको सदस्यता अनिवार्य लिनु पर्नेछ।

१०. राष्ट्रिय समन्वय परिषदका पदाधिकारीहरु र सदस्यहरुको काम कर्तव्य र अधिकार

१०.१. अध्यक्षः

१०.१.१. संघको प्रमुख कार्यकारी व्यक्तिको रुपमा कार्य गर्ने ।

१०.१.२. राष्ट्रिय समन्वय परिषदको बैठक, राष्ट्रिय सम्मेलन र राष्ट्रिय महाधिवेशनको खुलासत्रको अध्यक्षता गर्ने ।

१०.१.३. राष्ट्रिय समन्वय परिषदले अन्यथा व्यवस्था गरेकोमा बाहेक विभिन्न विभाग तथा समितिका संयोजक तथा सदस्यहरुको नियुक्तिको अनुमोदन गर्ने ।

१०.१.४. राष्ट्रिय समन्वय परिषदले तोकेको अन्य काम कर्तव्य पूरा गर्ने ।

१०.१.५. कुनै विषयमा छलफल गर्दा मत बराबर भएमा सो विषयमा वास्तविक व्याख्या सहित आफ्नो निर्णायक मत दिने ।

१०.१.६. राष्ट्रिय समन्वय परिषदका पदाधिकारी वा सदस्यहरुको जिम्मेवारी तोक्ने ।

१०.२. उपाध्यक्षः

१०.२.१. संघ सञ्चालनमा आवश्यकता अनुसार अध्यक्षलाई सहयोग गर्ने ।

१०.२.२. अध्यक्षको अनुपस्थितिमा अध्यक्ष गरी आएको वा तोकेको कामहरु गर्ने ।

१०.२.३. विधानको धारा ११.ठ बमोजिम गठन भएका समितीहरुलाई सुझाव र निर्देशन दिने ।

१०.२.४. तोकिएका अन्य कार्यहरु गर्ने ।

१०.३. महासचिब

१०.३.१. राष्ट्रिय समन्वय परिषदको सम्पूर्ण क्रियाकलापहरुलाई संयोजन गर्ने ।

१०.३.२. राष्ट्रिय अधिवेशन, सम्मेलन वा संघको बैठकहरुको सञ्चालन गर्ने र बैठकका निर्णयहरुको अभिलेख राख्ने ।

१०.३.३. संघको अभिलेख राख्ने । विभाग र समितिको संयोजकहरुमार्फत राष्ट्रिय समन्वय परिषदमा पेश भएकाकक प्रतिवेदनको अध्ययन गरी सम्पूर्ण सदस्यहरुलाइ सर्कुलर गर्ने ।

१०.३.४. सांगठनिक प्रगति प्रतिवेदन राष्ट्रिय अधिवेशन सम्पन्न हुनु एक महिना अगावै समन्वय परिषदको सदस्यहरुलाई उपलब्ध गराउने ।

१०.३.५. संघ वा राष्ट्रिय समन्वय परिषद्ले तोकेको अन्य कार्यहरु गर्ने ।

१०.४. सचिब

१०.४.१. आवश्यकता अनुसार महासचिवलाई सहयोग गर्ने ।

१०.४.२ महासचिबको अनुपस्थितिमा निजले तोके बमोजिमका कार्यहरु गर्ने ।

१०.४.३. तोकिएका अन्य कार्यहरु गर्ने ।

१०.५. कोषाध्यक्षः

१०.५. १. संघको कोष प्राप्त गर्ने र जिम्मामा लिने ।

१०.५. २. राष्ट्रिय समन्वय परिषद्को निर्देशन र संघको नियम बमोजिम कोषको निकासा एवम् लेखाजोखा गर्ने ।

१०.५. ३. संघको कोष अभिवृद्धिका लागि विभिन्न उपायहरुको प्रस्ताव गर्ने ।

१०.५. ४. राष्ट्रिय अधिवेशन र अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तय गरेका विविध कार्यक्रमहरुका लागि आवश्यक रकम तथा परियोजनाका लागि श्रोत साधनको परिचालन सम्बन्धी विवरण तयार गरी प्रस्ताव गर्ने ।

१०.५. ५. राष्ट्रिय अधिवेशन सम्मेलन वा राष्ट्रिय समन्वय परिषदका बैठकहरुमा छलफल भई पारित गरेका कार्यक्रमहरुको आधारमा अनुमानित बजेट तयार गरी प्रस्तुत गर्ने ।

१०.५. ६. राष्ट्रिय समन्वय परिषदको कोष व्यवस्थापन र अभिलेख राख्दा स्थानीय कानुनको अधीनमा रही मान्यता प्राप्त लेखापरिक्षक मार्फत लेखापरिक्षण गराई चुस्त दुरुस्त राख्ने ।

१०.५. ७. अर्धवार्षिक विवरण सम्पूर्ण राष्ट्रिय समन्वय परिषदका पदाधिकारी सदस्यहरुलाई तथा परिषदका साधारण सभा सदस्यहरुलाई उपलब्ध गराउने ।

१०.५. ८. राष्ट्रिय अधिवेशन वा परिषदको साधारण सभामा प्रस्तुत गरिने कोषाध्यक्षको आर्थिक प्रतिवेदन सो सम्पन्न हुन एक महिना अगावै राष्ट्रिय समन्वय समिति तथा सदस्यहरुलाई उपलब्ध गराउने ।

१०.५. ९. विधानमा तोकिएका अन्य कार्यहरु गर्ने ।

१०.५.१० सहकोषाध्यक्षको काम, कर्तव्य अधिकार ः कोषाध्यक्षको काममा सहयोग गर्ने, निजको अनुपस्थितमा उक्त जिम्मेवारी बहन गर्ने, र कार्य समितिले तोकेका अन्य कार्य गर्ने ।

१० .६ महिला प्रतिनिधि : राष्ट्रिय समन्वय परिषदमा महिला प्रतिनिधिले महिलाहरु संग सम्बन्धित कार्यक्रमहरु तय गर्ने र आवश्यक समन्वय गर्ने ।

१०.७ युवा संयोजक : युवा संयोजकले युवा सम्बन्धि कार्यक्रमहरु तय र आवश्यक समन्वय गर्ने ।

१०.८ कार्यसमिति सदस्य : कार्य समिति सदस्यहरुले कार्यसमिति वा परिषदले जिम्मा दिएको कार्यहरु गर्ने तथा कार्यसमितिलाई सकृयतासाथ सहयोग पुर्याउने ।

११. राष्ट्रिय समन्वय परिषदको काम कर्तव्य र अधिकार

११.क. कार्यालय संचालन गर्ने, कर्मचारीको नियुक्ती र अनुमोदन गर्ने ।

११.ख. बैठक, राष्ट्रिय सम्मेलन र राष्ट्रिय अधिबेशनको आयोजना गरी आवश्यक निर्णयहरु गर्ने ।

११.ग. उपधारा ख. बमोजीम पारित प्रस्ताव र निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

११.घ. आर्थिक कोष खडा गर्ने र संरक्षण गरी सञ्चालन गर्ने ।

११.ङ. वार्षिक कार्यक्रम बनाउने, बजेटको तर्जुमा गर्ने र लेखा परिक्षक नियुक्ति गर्ने ।

११.च. बार्षीक कार्यक्रम तय गरी कार्यान्वयन गर्ने, लेखा परिक्षण गराउने र चलअचल सम्पत्तिको बिवरण राखी संरक्षण गर्ने ।

११.छ. विधानमा उल्लेख भएका सदस्यताहरुको वितरण गर्ने ।

११.ज. मातहतका विभाग, समिति र उपसमितिहरुलाई निर्देशन दिने, अनुगमन र निरीक्षण गर्ने ।

११.झ. संघको उद्देश्य प्राप्तिका लागि आवश्यकतानुसार सल्लाहकारको नियुक्ति गर्ने ।

११.ञ. विधान संसोधन गर्नु परेमा प्रस्ताव तय गरी राष्ट्रिय अधिबेशन तथा सम्मेलनमा पेश गर्ने ।

११.ट. पदाधिकारी र सदस्यहरु पूर्ण बैठकमा ३ पटक बिना उचित सुचना अनुपस्थित भएमा र सचिवालयको हकमा नियमित ४ पटक बैठकमा बिना सुचना अनुपस्थित भएमा पदबाट हटाउन सक्ने, राजीनाम स्वीकृत गर्ने र रिक्त स्थानको पदपूर्ति गर्ने । तर पदेन सदस्यको हकमा यो प्रावधान लागू हुने छैन।

११.ठ. आवश्यकतानुसार विभाग, समिति र उपसमितिहरु गठन गर्न र विघटन गर्न सक्ने छ ।

११.ड. राष्ट्रिय समन्वय परिषदलाई संघको भावना विपरित कार्य गर्ने वा संघ वा राष्ट्रिय समन्वय परिषदको विधानको उल्लंघन गर्ने परिषदको कुनै पनि सदस्यलाई सदस्यताबाट निलम्बन वा निस्कासन गर्ने अधिकार हुनेछ । यस प्रकार निस्कासन वा निलम्बन गरिएको व्यक्तिलाई उचित सुनुवाईको अवसर दिइनेछ र राष्ट्रिय समन्वय परिषदको निर्णय उपर निर्णय भएको मितिले ३० दिनभित्र सम्बन्धित सदस्यले अन्तर्राष्ट्रिय समन्वय परिषदमा उजुरी गर्न सक्नेछन् र अन्तर्राष्ट्रिय समन्वय परिषदको निर्णय अन्तिम हुनेछ।

११. ढ. आफुले संचालन गरेका सम्पूर्ण क्रियाकलापहरुको वार्षिक विवरण अनुमोदनको लागि राष्ट्रिय सभामा पेश गर्ने ।

११.ण . संघको क्षेत्रिय समितिहरु गठन गर्ने ।

१२. संरक्षक तथा सल्लाहकारको व्यवस्था

१२.१ डेनमार्कको लागि नेपाली राजदुत यस संघको संरक्षक रहनुहुनेछ ।

१२.२ राष्ट्रिय समन्वय परिषद डेनमार्कका पूर्व अध्यक्षहरु तथा डेनमार्कबाट प्रतिनिधित्व गर्ने अन्तर्राष्ट्रिय समन्वय परिषदमा पूर्व सदस्यहरु सहितको सरक्षक परिषद रहनेछ ।

१२.३ कार्यसमिति निर्वाचित भएको बढीमा १०० दिन भित्र २ जना महिला आवश्यकता अनुसार सल्लाहकारहरुको नियुक्ति गर्नु पर्ने छ ।

१३. राष्ट्रिय अधिवेशन, विशेष राष्ट्रिय अधिवेसन र वार्षिक साधारण सभा

१३.१. राष्ट्रिय अधिवेशन राष्ट्रिय समन्वय परिषदको सर्वोच्च अंग हुनेछ र राष्ट्रिय अधिवेशन प्रत्येक दुई वर्षमा एक पटक सम्पन्न हुनेछ ।

१३.२. सामान्यतः राष्ट्रिय समन्वय परिषदको राष्ट्रिय अधिवेशनको मिति बढिमा ६ महिना अगाडी बोलाउनु पर्नेछ । मुलतः राष्ट्रिय अधिवेशनले नयाँ राष्ट्रिय समन्वय परिषदको कार्यकारी समितिको गठन तथा निर्बाचन गर्नेछ । उक्त कार्य सम्पन्न गर्न अधिवेशनले आवश्यक नियम बनाई लागु गर्न सक्नेछ ।

१३.३. संघका पंजिकृत सदस्यहरुलाई नियमको अधिनमा रही राष्ट्रिय अधिवेशनमा भाग लिने हक हुनेछ । १३.४ राष्ट्रिय अधिवेशनले अन्तर्राष्ट्रिय समन्वय परिषदमा डेनमार्कको प्रतिनिधित्व गर्नका लागि अन्तर्राष्ट्रिय

महाधिवेशनमा उपस्थित हुनेगरी पंजिकृत सदस्यहरु मध्येबाट अन्तर्राष्ट्रिय समन्वय परिषदको कार्यकारी सदस्यको निर्वाचन  गर्ने छ। साथै महिला , युवा तथा विद्यार्थी प्रतिनिधि समेत छनौट गर्नेछ ।

१३.५ संघको एक तिहाई सदस्यहरुले संयुक्त हस्ताक्षर गरी अध्यक्ष समक्ष विशेष राष्ट्रिय अधिवेसनको माग गर्न सक्नेछ । उक्त निवेदन उपर छानविन गरी उचित देखिएमा यस्तो निवेदन भई आएको ३ महिनाभित्र संघले विशेष राष्ट्रिय अधिवेसनको आयोजना गर्न सक्ने छ ।

१३.६ दुइ महाधिवेशन विचको वर्ष संघको वार्षिक साधारण सभाको आयोजना हुनेछ , वार्षिक साधारण सभाको काम कर्तव्य र अधिकार कार्यसमितिको निर्वाचन बाहेक  राष्ट्रिय महाधिवेशन सरह हुनेछ ।

१४. निर्वाचन कार्यविधी

१४.१. देहाय बमोजिम निर्वाचन सम्पन्न गर्न निर्वाचन हुनुभन्दा तिन महिना अगावै संघले एकजना आयुक्त सहित आवश्यकता अनुसारका सदस्यहरु रहने गरी निर्वाचन आयोगको गठन गर्नेछ ।

१४.२. राष्ट्रिय समन्वय परिषद्का पदाधिकारीहरुको निर्वाचन राष्ट्रिय अधिवेशनमा उपस्थित सम्पूर्ण प्रतिनिधिहरुबाट हुनेछ ।

१४.३. संघको अध्यक्षले उही पदमा लगातार दूई पदावधिभन्दा बढि निर्वाचनमा भाग लिन पाउने छैन ।

१४.४. राष्ट्रिय समन्वय परिषदका पदाधिकारीहरुको पद आकस्मिक रुपमा रिक्त भएमा सो रिक्त पदमा राष्ट्रिय समन्वय परिषदले अर्को बाँकी कार्य अवधिका लागि पदपूर्ति गर्न सक्नेछ । यस्तो निर्णय गर्दा कार्यसमितीको सम्पूर्ण सदस्य सख्याको दुई तिहाई बहुमतले पारीत गर्नु पर्नेछ ।

१४.५. राष्ट्रिय समन्वय परिषदको धारा १४.४ बमोजिम पदपूर्ति गर्दा अध्यक्षको हकमा २ जना, उपाध्यक्ष मध्येबाट र अन्य पदाधिकारीको हकमा भने राष्ट्रिय समन्वय परिषदको निर्णय बमोजिम हुनेछ ।

१४.६ गैह्र आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद डेनमार्कको कुनै पदमा निर्वाचित वा मनोनित हुनु पुर्व राजनैतिक, धार्मिक, जातीय तथा क्षेत्रीय संस्थाको कार्यकारी  पदमा बहाल रहेको भए उक्त पद बाट राजिनामा गरेको हुनु पर्दछ ।

**परिच्छेद – ६**

**विविध**

१५. राष्ट्रिय समन्वय परिषदको कोषको ब्यबस्था

१५.१. संघले कोषाध्यक्षको संयोजकत्वमा एक आर्थिक समीतीको गठन गरी संघको कोषको संचालन गर्नेछ । संघको कोषमा सदस्यता शुल्क विभिन्न व्यक्तिहरुबाट प्राप्त अनुदान र संघको विभिन्न क्रियाकलापमार्फत प्राप्त हुने रकमहरु सामेल हुने छन् ।

१५.२. संघको लागि प्राप्त हुने सम्पूर्ण कोषको रकमहरुको व्यवस्थापन कोषाध्यक्षले गर्नेछ । राष्ट्रिय समन्वय परिषदलाई संघको हित हुने गरी कोषको रकमहरुको खर्चलाई नियन्त्रण गर्ने वा स्वीकृति दिने अधिकार हुनेछ ।

१५.३. राष्ट्रिय समन्वय परिषदले संघको आफ्नो नामको बैंक खातामा रकमहरु राख्नेछ र अध्यक्ष, संयोजक र कोषाध्यक्षलाई संयुक्तरुपमा संघको लेखाको व्यवस्थापन गर्न एवम् चेकमा हस्ताक्षर गर्न अधिकार प्रदान गर्नेछ ।

१५.४. आर्थिक वर्ष जनवरि १ तारिख देखि डिसेम्वर महिनाको अन्त्यलाई मानिने छ ।

१५.५ राष्ट्रिय समन्वय परिषदले एक सामाजिक कोष को छुट्टै व्यवस्था गर्नेछ, जसको संचालन र व्यवस्थापन यसको नियामावली तोके बमोजिम हुने छ ।

१६. बैंक खाता

संघको बैंक खाता संघको नाउँमा राष्ट्रिय समन्वय परिषदले संचालन गर्नेछ । खाताबाट सबै प्रकारका चेकहरु वा आदेशहरुको भुक्तानीका लागि विधानको धारा १५.३ मा तोकिए बमोजिमका कम्तीमा दुई जना पदाधिकारीबाट सही गरिनेछ ।

१७. विधानको संसोधन र व्याख्या

१७.१. यस विधानको कुनै पनि धारा तथा उपधाराको संसोधन खारेजी वा थपघट गर्न परेमा संशोधनको प्रस्ताव प्रस्ताव राष्ट्रिय अधिवेशनमा प्रस्तुत गरी उपस्थित दुईतिहाई बहुमतबाट पारित गर्न सकिनेछ । यसरी संसोधन वा खारेज गर्ने प्रस्ताव पारित भएमा सो तत्कालै लागू हुनेछ ।

१७.२. यो विधानको व्याख्या गर्ने अधिकार कार्यसमितिमा अन्तर्निहित हुनेछ ।

१७.३. खारेजी र बचाऊः यो विधान लागु हुनुभन्दा अगाडि संस्थाको विधान अनुसार गरिएका काम कारवाही यसै विधान अनुसार गरिएको मानिनेछ ।

१८. निष्काशन

राष्ट्रिय समन्वय परिषदका पदाधिकारी वा कार्यकारी सदस्यहरुले संघलाई नोक्सानी पुर्याउने कुनै खराब आचरण गरेको ठहर भएमा राजिनामा दिन लगाइने छ । यदि सो व्यक्तिले राजिनामा दिन इन्कार गरेमा राष्ट्रिय समन्वय परिषदको बैठकमा उपस्थित सदस्यहरुको सामान्य बहुमतबाट निजलाई निष्काशन गर्ने प्रस्ताव पारित गरी तत्काल निजको पदबाट निलम्बन गरी सोको जानकारी अन्तर्राष्ट्रिय समन्वय परिषदमा निष्कासन अनुमोदनको लागी अनुरोध गरिनेछ

। यसरी निष्कासन गर्नुपूर्व निजले गरेको आचरणको बारेमा ३० दिनभित्र सुनुवाइको उचित अवसर दिइनेछ । यस धाराको प्रयोजनका लागि अन्तर्राष्ट्रिय समन्वय परिषदले एक अनुशासन समितिको गठन गर्न सक्ने छ ।

१९.विघटनः

यस संस्थाको विघटन भएमा संस्थाको सम्पत्ति तथा कोष सो विघटन को प्रस्ताव पारीत गरेको साधारण सभाले तोके अनुसार हुनेछ ।

२०. विधानमा उल्लेख नभएका हकमा कुनै समस्या पर्न आएमा डेनमार्क को प्रचलित कानुन वमोजिम गरिने छ ।

**अनुसूची – १**

संघको प्रतिक चिन्ह

दुई अर्ध वृत्तको घेराभित्र अंग्रेजी ठूलो अक्षरमा NRNA NCC DENMARK लेखिएको माथि दुई हिमालयहरुको बीचमा उदाउँदै गरेको सूर्य चिन्ह नै संघको प्रतिक चिन्हको नमुना हुनेछ ।

प्रतिक चिन्हको नमुनाको व्याख्या

उदाउँदै गरेको सूर्यले गैर–आवासीय नेपालीहरुको अभिलाषा दुई हिमालयहरु र समथर भुईले नेपाल, NRNA NCC DENMARK ले गैर–आवासीय नेपालीहरु र दुई अर्ध वृत्तहरुको घेराले पृथ्वीको प्रतिनिधित्व गर्छ ।

**अनुसूची – २**

कार्यालयको छाप

संघको छाप गोलाकार भित्र नेपाली र अंग्रेजी भाषामा संघको नाम ''गैर–आवासीय नेपाली संघ, डेनमार्क'' Non-Resident Nepali Association, National Coordination Council, Denmark लेखिएको र त्यस भित्र दुई अर्ध गोलाकार वृत्तहरु, तिनीहरुको बीचमा NRNA NCC DENAMRK लेखिएको अंग्रेजी ठूलो अक्षरको माथि दुई हिमालयको चुचुराहरुको बीचमा उदाउँदै गरेको सूर्य हुनेछ ।

**अनुसूची – ३**

कार्यालयको लेटर हेडको नमूना अंग्रेजी भाषामा कार्यसमितिले संघको प्रतीक चिन्हको नमुना संग मिल्ने गरी बनाए बमोजिम हुनेछः

**अनुसूची – ४**

**शपथ**

म (आफ्नो नाम बताउने) सत्य निष्ठापूर्वक यो विधान र यसको अधीनमा बन्ने नियम उपनियमहरुको पालना गर्नेछु । म कहिल्यै पनि विधानले मलाई दिएको अख्तियारीको दुरुपयोग गर्ने एवम् पदको गोपनियता भंग गर्ने छैन । म गैर–आवासीय नेपाली संघको मूल्य र मान्यताहरुलाई सर्वोपरी ठानी, कर्तव्यनिष्ठ भई, मन, वचन र कर्मले आफ्नो जिम्मेवारी पूरा गर्ने प्रतिज्ञा गर्दछु ।

विधान मुल प्रतिको प्रमाणिकरण :( प्रमाणीकरण कर्ताको नाम थर, पद, हस्ताक्षर, मिति )